


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ११४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २४ गते शुक्रबार ❑ 7 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखराका सामुदायिक अस्पतालमा कोरोनाका बिरामी भरिए, चर्को मुल्य तिर्न बाध्य गरिब जनता

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ बैशाख**

गण्डकी प्रदेशको राजधानीमा रहेका २ ठुला सामुदायिक अस्पतालमा कोरोनाका बिरामीहरु भरीएकोले अब गरिब तथा मध्यम बर्गका जनताले चर्को मुल्य तिरेर सेवा लिनु पर्ने अबस्था आएको छ। प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोरोनाका बिरामीहरुले भरिएकोले अब कोरोनाका बिरामीहरुले उपचार गर्दा निजी अस्पतालमा जानुपर्ने बाध्यताले गरिब तथा मध्यम बर्गका जनताले चर्को मुल्य तिर्न बाध्य हुने भएको स्थानियले गुनासो गरेका छन्।



तीन तहका सरकारले स्वास्थ्य जस्तो जस्तो संवेदनशिल बिषयमा समयमै लगानी गरेर आवश्यक पूर्वाधार तयार नपार्दा कोरोनाको महामारीमा कोरोनाको निजी अस्पतालमा उपचार गर्दा गरिब तथा मध्यम बर्गका जनताको ढाँड नै सेक्ने भएको पोखरेलीले गुनासो गरेका हुन् । प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताल (पोखरा ३०, मोहोरिया) मा हाल ५० बेड अस्पतालमा ५५ जना कोरोनका बिरामी रहेका छन भने संघीय सरकारको मातहातमा रहेको प्रदेशकै ठुलो सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) मा हाल ४० जनाको उपचार भई रहेको अस्पतालहरुले जनाएका छन् । कास्की सहित प्रदेशका ११ जिल्लाको साथमा छिमेकी जिल्लाबाट समेत पोखराका कोरोनाकाबिरामीहरुआउनथालेकोले पोखरामा कोरोनाका बिरामीहरुलाई व्यबस्थापन गर्न निकै कठिन हुन थालेको प्रदेश शंक्रामक तथा सरुवा रोग अस्पताल पोखराका प्रमुख डा. विकास गौचनले बताए।

गण्डकी प्रदेशमा प्रत्येक दिन कोरोनाका बिरामीहरुको संख्या दैनिक ३ सय जना भन्दा बढी रहेको छ भने दैनिक करिब ३/४ जना कोरोनाबाट मृत्यु भएको उनले जनाए । प्रदेशको कोरोना डेडिकेट अस्पतालमा हाल ५० सिट क्षमताको अस्पताल भए पनि आफुहरुले जेनतेन कर्मचारीको अभावका बाबजुत पनि ५५ जना बिरामीहरुलाई सेवा दिएको प्रमुख डा. गौचनले बताए । सरकारी अस्पतालहरुलाई व्यबस्थित र समयमै लगानी गर्न नसक्दा भयाभहको अबस्थामा गरिब तथा मध्यम बर्गका धेरै जनता प्रभावित हुने अबस्था समेत आउन सक्ने उनले जनाए । अत्यावसेक सेवा एम्बुलेन्स, स्वासथ्यकर्मी, सुरक्षकर्मी, पत्रकार, खाद्य सामानका सवारी साधन बाहेक अन्य सेवा ठप्पै पार्नुपर्ने डा. गौचनको भनाई छ। अझै पनि घर घरमा निमोनिया भएका बिरामीहरु भएको उनले जनाए । उनले भने "हामीसंग भएको श्रोत साधनबाट अहिलेको अबस्थामा कोरोनाको उपचार गर्न नसक्ने अबस्थामा हामी पुग्दैछौं यसमा सवै सचेत हुनु पर्‍यो ।" सामुदायिक अस्पतालहरुमा जनशक्ति अभाव भएकोले गर्दा त्यसको प्रत्यक्ष मार गरिब तथा मध्यम बर्गका व्यक्तिहरुमा पर्ने डा. गौचनको दाबी छ । कोरोनाबाट बच्ने उत्तम उपाय भनेको सकभर घरमै बस्नु, अत्यवश्यक परेका वेलामा स्वास्थ्य मापदण्ड अनिवार्य मास्क, सेनिटाइजर, भौतिक दुरी लगायतका कुरालाई पूर्ण रुपमा पालना गर्नु उनले सुझाव दिएका छन् । कोरोनाको लक्ष्यण देखा परेर व्यक्तिलाई स्वाशप्रश्वासमा केही समस्या भएमा ज्वरो बढी आउने लगायतका समस्या देखा परेमा तत्काल् नजिकको अस्पतालमा लैजानु पर्ने गौचनको भनाई छ । पोखरा ३० मा रहेको लेखनाथ सामुदायिक अस्पताललाई कोरोनाको उपचार गर्ने भन्दै कोरोना डेडिकेट संक्रामक तथा सरुवा रोग अस्पतालको रुपमा विगत १० महिना अघि स्थापना गरे पनि हालसम्म उक्त अस्पतालबाट आइसियू र भेन्टिलेटरको सुविधा दक्ष कर्मचारीको अभावमा संचालनमा आउन नसकेको प्रमुख डा. गौचनले बताए।

यसैबिच, पोखरामा रहेको अर्को सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल कोरोनाका करिब ९० प्रतिशत बिरामीलाई अक्सिजन लगायर उपचार गर्नु परेको प्रतिष्ठान अर्न्तगत कोभिडका फोकल पर्सन डा. शरद बरालले बताए । अहिलेको अबस्थामा अझै ३ हप्ता जसो पूर्व सावधानी अपनाउनु पर्ने उनले बताएका छन्। कोरोनाका गम्भिर प्रकारका बिरामीहरु बढ्दै जादा प्रतिष्ठानमा मेडिकल वार्ड, अर्थपेडिक लगायतका वार्डहरु खाली गर्दै थप एक सय ५० वेडसम्म विस्तार गर्ने योजना रहेको फोकल पर्सन डा. बरालले बताए । पोखरा महानगरपालिका, प्रदेशसरकाररसंघियसरकारबाटउक्त सेवा संचालनको लागि आवश्यक सहयोग गर्ने भएको उनले जनाए । अस्पतालमा भर्ना भएका कोरोनाका अधिकांश बिरामीलाई अक्सिजन दिनु परेको छ भने ४ जनालाई हाई फ्लु अक्सिजन, एक जनालाई भेन्टिलेटरमा राख्नु परेको उनले जनाए। २४ घण्टादेखि ३६ घण्टासम्म अक्सिजन लगायर कोरोनाका केही बिरामीलाई थप आराम हुन साथ होम आइसुलेसनको लागि रिफर गरीएको त कोही कोहीलाई भने हप्ता दिनसम्म समेत राख्नु पर्ने अबस्था रहेको फोकल पर्सन डा. बरालले बताए।

उनका अनुसार आपुर्ति महाशाखाबाट एक सय वेड अस्पतालमा आइसकेको अबस्था रहेको छ। विशेषगरी प्रसुती वार्डको लागि भनेर प्रतिष्ठानको परिसरमै हालै निर्माण भएको नयाँ भवनमा एक सय कोरोनाका बिरामीको उपचार गर्ने गरी तयारी समेत भएको उनले जनाए । हाल कोरोनाका गम्भिरप्रकारका बिरामीहरु अनिवार्य रुपमा अक्सिजन लगायनु पर्ने बिरामीहरुको सङ्ख्या बढी भएकोले जनशक्ति र इकुपमेन्ट आवश्यक भएको फोकल पर्सन डा. बरालले माग गरेका छन्। अस्पतालमा प्रायः निशुल्क उपचार हुने गरेको छ अन्यथा निजी अस्पतालमा भर्ना हुदा कोरोनाका गम्भिर बिरामीले दैनिक ५० हजार देखि एक लाखसम्म शुल्क तिर्नु परेको स्थानियले गुनासो गरेका छन्।

## खेलकूद परिषद्को प्रशासनिक भवन शिलान्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ बैशाख**

गण्डकी प्रदेश खेलकूद परिषद् को प्रशासनिक भवन निर्माण गरिने भएको छ । पोखरा रंगशालाभित्र निर्माण गरिने भवनको बिहीबारगण्डकी प्रदेशका युवा तथा खेलकूदमन्त्री राजीव गुरुङ (दीपक मनाङे)ले शिलान्यास गरे।



प्रदेश सरकारको ४० लाख लागतमा स्टिल संरचनामा सभाहल सहित ११ कोठाको भवन आगामी तीन महिनाभित्रमा निर्माण गरिसकिने प्रदेश खेलकूद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले जानकारी दिए। गत फागुनमा प्रदेश सदस्य सचिव सहित परिषद्का पदाधिकारी र सदस्यहरु नियुक्त भएपनि पूर्वाधार अभावमा उनीहरुको पदस्थापन हुन सकेको छैन । कार्यक्रममा युवा तथा खेलकूदमन्त्री गुरुङले खेलाडीहरुका लागि छात्राबास र मार्सल आर्टको सुविधासम्पन्न भवन निर्माणको योजना आफूले बनाएको बताए।

विगतमा सामाजिक विकास मन्त्रालयभित्र खेलकूद रहेपनि अहिले खेलकूद मन्त्रालय छुट्टै भएकाले खेल क्षेत्रलाई व्यवस्थित विकासका लागि काम गर्ने उहाँले प्रतिवद्धता व्यक्त गरे । मन्त्री गुरुङले गण्डकीका ११ वटै जिल्लामा रहेका खेलकूदको सम्पत्ति तथा पूर्वाधारहरुको यकिन विवरण खोजी गर्ने काम अघि बढाइने जानकारी दिए । उनले भने, 'हामी नियुक्त भएर आएको एक साता मात्र भएको छ । अब हामी प्रदेशको ११ वटै जिल्लामा कहाँ कहाँ खेलकूदको सम्पत्ति त्यसको खोजीनीतिमा लाग्ने छौं । त्यस सम्पत्तिलाई खेलाडी र युवाको उपयोगमा लगाउने योजना छ ।' कोरोना महामारीमा पनि आवश्यक स्वास्थ्य सुरक्षा सावधानी अपनाएर खेल पूर्वाधार निर्माणलाई अघि बढाइने मन्त्री गुरुङले जानकारी दिए । खेलकूद परिषद्का सदस्य सचिव गुरुङले कोरोना महामारीका कारण सीमित व्यक्तिहरुको उपस्थितिमा शिलान्यासको कार्यक्रम आयोजनागरिएकोबताए।'खेलकूद परिषद्को प्रशासनीक भवनको आज शिलान्यास हुनु हाम्रा लागि खुःशीको दिन हो । अत्यावश्यक भवन निर्माणपछि परिषद्को काम कारवाहीलाई थप व्यवस्थित बनाउन सहज हुनेछ।' उनले भने।

## देवघाटमा अस्पताल निर्माणका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
**दमौली, २३ बैशाख**

तनहुँको देवघाट गाउँपालिकामा आधारभूत अस्पताल निर्माण हुने भएको छ । अस्पताल भवन निर्माणका लागि गाउँपालिका र निर्माण कम्पनीबीच सम्झौता भएको छ।

देवघाट गाउँपालिका-५ मा निर्माण हुने दश शैयाको अस्पताल भवन निर्माण सम्बन्धी सम्झौतापत्रमा गाउँपालिका अध्यक्ष दुर्गबहादुर थापा र निर्माण कम्पनी रोशन शिवशक्ति जेभी हेटौंडाका प्रतिनिधि सुरेन्द्र पाठकबीच हस्ताक्षर भएको छ। सम्झौतापत्रमा हस्ताक्षरपछि गाउँपालिकाका अध्यक्ष थापाले अस्पताल भवन निर्माण कार्य निर्धारित समयमै सम्पन्न गर्नुपर्ने बताउँदै त्यसका लागि सहयोग गर्न गाउँपालिका तयार रहेको बताए। उनले भवनको गुणस्तरमा ध्यान दिन समेत आग्रह गरे।

उक्त अस्पतालको गत मङ्सिर १५ गते तनहुँ क्षेत्र नं १ का सांसद कृष्णकुमार श्रेष्ठले शिलान्यास गरेका थिए । भवनको लागत अनुमान रु १२ करोड ८३ लाख ४१ हजार आठ सय ३६ रहेपनि निर्माण कम्पनी रोशन/शिवशक्ति जेभीले भ्याट सहित रु सात करोड ७८ लाख ५२ हजार सात सय १८ मा ठेक्का पारेको छ। उक्त भवन विसं २०८० वैशाख २१ गतेभित्र सम्पन्न गर्नुपर्ने छ।

दुई रोपनी क्षेत्रफलमा निर्माण हुन लागेको उक्त अस्पतालमा भुइँतल्लामा १६ र माथिल्लो तलमा १६ गरी ३२ कोठा रहने बताइएको छ । अस्पतालमा लिफ्ट समेत जडान गरिने गाउँपालिकाका इन्जिनियर तीर्थराज ढुङ्गानाले जानकारी दिए।

## 'रवीन्द्रका अनुहारमा समृद्धि झल्कन्थ्यो'

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ बैशाख**

तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्रप्रसाद अधिकारी विकासका संवाहक साथै एक दूरदर्शी नेताका रुपमा रहेको विभिन्न क्षेत्रका वक्ताले चर्चा गरेका छन्।

अधिकारीको ५२ औं जन्मजयन्तीका सन्दर्भमा रवीन्द्र अधिकारी स्मृति प्रष्ठिानद्वारा आयोजित 'विकास, समृद्धि, राजनीति र रवीन्द्र अधिकारी' विषयक भर्चुअल विचार गोष्ठीका वक्ताले अधिकारी विकासको स्पष्ट धारणा बोकेर गन्तव्यमा लम्केको नेताका रुपमा चित्रण गरे । अधिकारीका अनन्य मित्र बतास अर्गनाइजेशनका अध्यक्ष आनन्दराज बतासले विकासका लागि राजनीतिक चेतना आवश्यक रहेको बताए । प्रा डा भरतराज पहारीले विकासलाई आध्यात्मिक चेतनासँग जोड्नुपर्ने बताए । पोखरा महानगरपालिका, शहरी विकास आयोजनाका उपाध्यक्ष डा रामचन्द्र लामिछानेले अधिकारीमा विकासको हुटहुटी निकै रहेको जनाउँदै उहाँ दिगो विकासका बारेमा निरन्तर संवादमा रहने गरेको स्मरण गरे।

राष्ट्रिय योजना आयोगका सदस्य डा उषा झाले अधिकारीको अनुहारमा समृद्धि झल्कने गरेको बताउँदै आयोगमा उहाँको गतिशीलता र बौद्धिताको चर्चा हुने गरेको जानकारी दिइन।

कार्यक्रममा अधिकारीका सहकर्मी एवम् राजनीतिक विश्लेषक झलक सुवेदीले रवीन्द्र अधिकारी स्मृति ग्रन्थमा अधिकारीका जीवनका विभिन्न मोडमा संगत भएका सहकर्मी, सहपाठी, विद्यार्थी आन्दोलनदेखि सिंहदरबारसँग जोडिएका विषय समावेश भएको र नेपाली राजनीतिको ४० वर्षे कालखण्डको एउटा सशक्त दस्तावेज भएको बताए। प्रतिष्ठानका उपाध्यक्ष एवम् प्रदेशसभा सदस्य कृष्ण थापाले राजनीतिमा विकासप्रेमी नेता अधिकारीको अभाव खड्केको बताए । प्रतिष्ठानका महासचिव धनराज आचार्यले विकासका पर्यायवाची अधिकारीको सिद्धान्तलाई अवलम्बन गरेर विकासका बाटामा अघि बढ्नुपर्ने धारणा राखे। प्रतिष्ठानका अध्यक्ष एवं अधिकारीकी जीवनसंगिनी विद्या भटराईले अधिकारीले समृद्ध नेपालका लागि देखेको योजनालाई साकार पार्न आफूहरु प्रतिबद्ध भएको बताइन।

गोष्ठीमा देशविदेशबाट विभिन्न क्षेत्रमा प्रतिनिधित्व गरेका व्यक्तिको सहभागिता थियो। यसअघि प्रतिष्ठानका आयोजनामा पोखरा- १८ सराङ्कोटस्थित शहीद तथा राष्ट्रिय विभूति उद्यानमा रहेको अधिकारीका शालिकमा माल्यार्पण गरिएको थियो।


## नौ हजारमा कोरोना भाइरस संक्रमण, ५४ को निधन

**रासस**
**काठमाडौं, २३ बैशाख**

देशभर पछिल्लो २४ घण्टामा थप नौ हजार ७० जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय पिसिआर विधिबाट २० हजार ३६७ र एन्टिजेन विधिबाट ७७५ जनाको परीक्षण गर्दा क्रमशः आठ अजार ९७० र सय जनामा सङ्क्रमण पुष्टि भएको हो । यस्तै पछिल्लो २४ घण्टामा ५४ जनाले कोरोनाका कारण ज्यान गुमाएका छन्।

बुधबार सम्म नेपालमा कोरोना भाइरस सङ्क्रमित तीन लाख लाख ६८ हजार ५८० पुगेका छन्। त्यस्तै पछिल्लो समय थप दुई हजार ७०७ जना निको भएका छन् । यससँगै निको हुने दुई लाख ९२ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶



# गण्डकी प्रदेश समितिद्वारा स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ बैशाख**

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिले प्रदेशका विभिन्न जिल्लाका लागि समाचार संकलन तथा प्रसारणका समयमा अत्यावश्यक स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ।



बुधबार पर्वत, म्याग्दी र मुस्ताङका लागि स्वास्थ्य सुरक्षा सामग्री हस्तान्त्रण गरिएको महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले जानकारी दिए। पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेलको उपस्थितिमा महासचिव सुवेदी, गण्डकी प्रदेश सचिव यदुनाथ बञ्जरा र कोषाध्यक्ष राजेन्द्र न्यौपानेले स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेका हुन् । पर्वत, म्याग्दी र मुस्ताङका लागि प्रदान गरिएका सामग्री पत्रकार महासंघ गण्डकीका निवर्तमान महासचिव गणेश पौडेल, महासंघ पर्वत शाखाका अध्यक्ष सन्तोष थापा र उपस्थित अन्य पत्रकार हरुलाई हस्तान्तरण गरिएको हो।

उक्त अवसरमा महासंघ गण्डकीका सल्लाहकार समेत रहेका केन्द्रीय सदस्य त्रिभुवन पौडेलले कोरोना संक्रमणको वर्तमान अवस्थामा फ्रन्टलाईनमा खट्ने पत्रकार जोखिममा रहेको बताए । स्वास्थ्य सुरक्षा समग्री प्रयोग गर्दै सावधानी अपनाउन उनले आग्रह गरेका छन्। महासंघ गण्डकीलाई नेलम्बो नेपालबाट प्राप्त माक्स, सेनिटाइजर लगायतका स्वास्थ्य सुरक्षा सामग्री र लायन्स क्लव अफ पोखरा माछापुच्छ्रेबाट प्राप्त फेससिल्ड प्रदान गरिएको हो।

महासंघ कास्की शाखा सहित प्रदेशका सबै जिल्लामा आवश्यकताको आधारमा स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरिने महासचिव सुवेदीले जानकारी दिए।

## नौ हजार...

४९० छन् । निको हुने दर भने ७९ दशमलब चार प्रतिशत छ।

अहिले देशभर ७२ हजार ५६१ सक्रिय सङ्क्रमित छन् । तीमध्ये ६७ हजार २४६ जना होम आइसोलेशनमा र पाँच हजार ३१५ जना संस्थागत आइसोलेशनमा छन्। त्यस्तै ६५२ जनाको सघन उपचार कक्ष र २०१ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ। तीन सय १४ जना क्वारेन्टिनमा छन्।

हालसम्म नेपालमा २५ लाख ७८ हजार ४१८ को पिसिआर परीक्षण भएको छ। त्यस्तै पछिल्लो समय कोरोनाका कारण ५४ जनाको मृत्यु भएको छ। हालसम्म तीन हजार ५२९ जनाले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।



खानेपानी लाइनः कोरोना संक्रमण बढेपछि जिल्ला प्रशासन कार्यालयले जिल्लामा लागू गरेको निषेधाज्ञाको अवधिमा पनि बुधबार पोखराको महेन्द्रपुलमा खानेपानी लाइन विस्तारको काम गर्दै मजदूरहरु। जाइकाको सहयोगमा निर्माणाधीन पोखरा खानेपानी सुधार आयोजनाको काम निषेधाज्ञाको समयमा समेत भइरहेको छ। तस्वीर : कृष्ण दवाडी

# भारतमा एकै दिन झण्डै चार हजारको मृत्यु, चार लाख १२ हजार संक्रमित

**रासस**
**काठमाडौं, २३ बैशाख**

कोरोनाभाइरस महामारीका कारण भारतमा पछिल्लो एक दिनमा झण्डै चार हजारको मृत्यु भएको छ।

सरकारी अधिकारीहरुले बिहीबार बिहान दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन हजार ९८० जनाको मृत्यु भएको हो।

योसँगै भारतमा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको कुल संख्या दुई लाख ३० हजार १६८ पुगेको छ। भारतमा पछिल्लो एक दिनमा कोरोनाभाइरसबाट अहिलेसम्मकै सबैभन्दा धैरै सङ्क्रमित भएको पाइएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा भारतमा देशभरी गरेर कुल चार लाख १२ हजार २६२ जना सङ्क्रमित भएको जानकारी दिएको छ। एकै दिनमा यति धैरै सङ्क्रमित भएको यो पहिलो पटक भएको सरकारी अधिकारीहरुले जनाएका छन्।

भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म कुल दुई करोड १० लाख ७७ हजार ४१० जना सङ्क्रमित भएका छन् । पछिल्लो २४ घण्टामा भारतमा तीन लाख २९ हजार ११३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको कुल सङ्ख्या एक करोड ७२ लाख ८० हजार ८४४ पुगेको छ। भारतमा अहिले पनि ३५ लाख ६६ हजार ३९८ जना कोरोनाभाइरसबाट सङ्क्रमित भइरहेकै अवस्थामा रहेका छन्। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार यही मे ५ तारिखसम्ममा भारतमा २९ करोड ६७ लाख ७५ हजार २०९ कोभिडको नमुना परीक्षण गरिएको छ। तीमध्ये १९ लाख २३ हजार १३१ जनाको बुधबार परीक्षण गरिएको हो । भारतमा अहिलेसम्म १६ करोड २५ लाख १३ हजार ३३९ मात्राको कोरोनाभाइरसविरुद्धको खोप प्रयोग भएको मन्त्रालयले जनाएको छ। भारतमा कोरोनाको परीक्षण र खोप अभियान एकातिर चलिरहेको छ भने अर्कोतिर कोरोनाभाइरसबाट सङ्क्रमित भएका र मृत्यु भएकाहरुको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दो छ।

विश्व स्वास्थ्य संगठनका अनुसार, बिहीबारसम्म विश्वभर कोभिड-१९ को संक्रमणबाट ३२ लाख ५७ हजार व्यक्तिको मृत्यु भइसकेको छ। विश्वभर झण्डै १५ करोड ५९ लाख व्यक्ति कोभिड संक्रमित भएकामध्ये १३ करोड ३३ लाख संक्रमणमुक्त भएका छन् । कोभिड-१९ को सर्वाधिक असर परेका राष्ट्रहरुमध्ये संयुक्तराज्य अमेरिकामा ५ लाख ९३ हजार, ब्राजिलमा ४ लाख १४ हजार, भारतमा २ लाख ३० हजार, मेक्सिकोमा २ लाख १८ हजार, बेलायतमा १ लाख २७ हजार, इटालीमा १ लाख २२ हजार, रसियामा एक लाख १२ हजार, फ्रान्समा एक लाख पाँच हजारको मृत्यु भएको छ।

# वरिष्ठ गायक प्रधानको निधन

**रासस**
**काठमाडौं, २३ बैशाख**

वरिष्ठ गायक तथा सङ्गीतकार प्रेमध्वज प्रधानको ८४ वर्षका उमेरमा बिहीबार निधन भएको छ । छातीमा समस्या देखिएपछि वसुन्धरास्थित न्युरो अस्पताल काठमाडौंमा उपचाररत प्रधानको निधन भएको हो।

पुर्ख्यौली घर सिन्धुपाल्चोकको चौतारा भए पनि उनको जन्म काठमाडौंको नःघलमा भएको थियो। पिता रत्नध्वज र माता प्राणदेवीका कोखबाट विसं १९९४ मा जन्मनुभएका प्रधानले २००९ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गर्नुभएको थियो । उनले गाएको विसं २०१७ मा तारादेवीसँगको युगल राष्ट्रिय गीत यो नेपाली शिर उचाली संसारमा लम्कन्छ, २०२१/२०२२ सालतिरको घुम्तीमा नआऊ है, गोरेटो त्यो गाउँको जस्ता गीत अझै पनि लोकप्रिय छन् । यस्तै यो नानीको शिरैमा इन्द्रकमल फूल फुल्यो जस्ता लोकगीत पनि चर्चित छन् । विसं २०२४ मा माइतीघर चलचित्रमा पहिलोपटक भारतीय गायिका उषा मंगेशकरसँग गाएको नमान लाज यस्तरी जस्ता गीत अझै पनि सबैको जनजिब्रोमा झुण्डिएको छ । उनका हजुरबा नारायणकृष्ण र आमा सङ्गीतका पारखी भएकाले उनी सङ्गीतमय वातावरणमा हुर्किनुभएको थियो । उहाँ किशोरावस्थामा नारायणगोपालका साथ झण्डै एक महिना बिताउने गरी चौतारा आउनुभएको पारिवारिक स्रोतले जनाएको छ। उनले आधुनिक, लोकगीत, भजन तथा नेवारी गीत गरी एक हजारभन्दा बढी गीत गाउनुभएको बताइन्छ । उनका श्रीमती र दुई छोरा रहेका छन्।

# तनाव व्यवस्थापनका लागि मनोसामाजिक परामर्श

**पोखरापत्र संवाददाता**
**वालिङ, २३ बैशाख**

वालिङ नगरपालिकाले होम आइसोलेशनमा बसेका सङ्क्रमितको तनाव व्यवस्थापनका लागि मनोसामाजिक परामर्श दिन थालेको छ।

नगरपालिकाले बहुसांस्कृतिक मनोसामाजिक परामर्श केन्द्रको सहयोगमा तालिम प्राप्त परामर्शदाताद्वारा दैनिक मनोसामाजिक परामर्श सेवा आरम्भ गरिएको वालिङ नगर प्रमुख दिलीपप्रताप खाँणले जानकारी दिए। "बिरामी भई होम आइसोलेशनमा छुट्टै बस्दा मनमा अनेक खालका भावनाहरू खेल्ने भएकाले तनाव बढ्न सक्छ", नगर प्रमुख खाँणले भन्नुभयो, "सङ्क्रमितमा कुनै पनि तनाव नदेखियोस्, होम आइसोलेशन बसाईलाई तनावमुक्त बनाउनका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन शुरु गरेका हौं।"

सङ्क्रमित हुने बित्तिकै समाजले उनीहरूलाई गर्ने ब्यवहार तथा विभिन्न सामाजिक सञ्जालमा आएका नकारात्मक टीकाटिप्पणीबाट असर नपरोस् भन्ने उद्देश्यले टेलिफोन तथा नियमित भेटघाटमार्फत आवश्यक परामर्श प्रदान गरिएको उनले बताए । वालिङ नगरपालिकाले गह्रौं प्राथमिक अस्पतालमा दैनिक एन्टिजिनमार्फत परीक्षण गर्दै आईरहेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले बताए । रोगको लक्षण देखिएका वा कन्टयाक्ट ट्रेसिङमा परेकाहरूको नाम, ठेगाना, सम्पर्क नम्बर राखी परीक्षण गरिने र सङ्क्रमण पुष्टि भएसँगै आवश्यक औषधि तथा पालना गर्नुपर्ने नियमसहित होमआइसोलेशनमा राख्ने गरिएको शाखा प्रमुख पाण्डेले बताए। समयसमयमा आवश्यक औषधिसहित स्वास्थ्यकर्मीहरू घर घरमै पुग्ने गरिएको छ भने सामान्य समस्यालाई फोनबाटै २४ सै घण्टा र आवश्यकताअनुसार घरमै पुगेर स्वास्थ्य अवस्थाकाबारे जानकारी लिने गरिएको शाखा प्रमुख पाण्डेले बताए।

वालिङ नगरपालिका र गह्रौं प्राथमिक अस्पतालको समन्वय र सहकार्यमा बहुसांस्कृतिक मनोसामाजिक परामर्श केन्द्रद्वारा टेलिफोनमार्फत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईएको संस्थाका स्याङ्जा जिल्ला संयोजक जननी मगरले बताईन।

नगरभित्रका झण्डै २०० संक्रमितको सम्पर्क नम्बर लिएर सम्पर्क गर्ने र उनीहरूका भावना बुझ्ने कार्य भईरहेको संयोजक मगरले बताइन । मनोसामाजिक परामर्शका लागि तालीम प्राप्त चार जना मनोसामाजिककर्ताहरू सक्रिय छन् । "घरमा एक्लै बस्दा समय लामो भएजस्तो हुने गरेको अनुभवहरू सुनाउनुहुन्छ", संयोजक मगरले भनिन्, "हामीले फोन गर्दा निक्कै खुशी हुनुहुन्छ, आफ्ना समस्याहरू खुलेर राख्ने गर्नुभएको छ, अनि उहाँहरूले भन्नुहुन्छ-कति खुशी लाग्यो, फेरि-फेरि पनि फोन गरिराख्नु है।"

सङ्क्रमित भई होम आइसोलेशनमा बस्नुभएकाको कुरा सुन्दिदामात्रै पनि मन हल्का भएको, धैरै तनाव हराएर गएको अनुभवहरू परामर्शदाताहरूसँग छ । समय समयमा फ्लोअप गर्ने गरिएको संयोजक मगरले बताउनुभयो।

# एमाले राष्ट्रियसभा निर्वाचन जीत सुनिश्चित हुने गरी छलफल गर्ने

**रासस**
**काठमाडौं, २३ बैशाख**

नेकपा (एमाले)ले राष्ट्रियसभाका निर्वाचनमा पार्टीका उम्मेदवारको जीत सुनिश्चित हुने गरी जनप्रतिनिधि तथा मतदातासँग छलफल गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको स्थायी कमिटी बैठकमा वाग्मती प्रदेश राष्ट्रियसभा निर्वाचनमा दलका तर्फबाट उम्मेदवारको जीत सुनिश्चित हुने गरी छलफल भएको छ । एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले निर्वाचनको तयारीका सम्बन्धमा स्थायी कमिटी सदस्यले विभिन्न सुझाव दिएको र उम्मेदवारका बारेमा छिट्टै निर्णय गरिने जानकारी दिए । प्रधानमन्त्रीलाई विश्वासको मत दिलाउन अन्य विभिन्न दलसँग छलफल चलिरहेको र त्यसलाई सघन ढंगले निरन्तरता दिने निर्णय गरिएको बताइएको छ । आगामी जेठ ६ गते राष्ट्रियसभाको निर्वाचन(वाग्मती प्रदेश) हुँदै छ। सो प्रदेशका लागि दलले यसअघि रामबहादुर थापाको उम्मेदवारी घोषणा गरिसकेको छ।

# मध्यरातिदेखि स्थगन हुँदै अन्तरराष्ट्रिय उडान

**रासस**
**काठमाडौं, २३ बैशाख**

मुलुकको एक मात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा बिहीबार मध्यरातिदेखि अन्तरराष्ट्रिय उडान स्थगन हुँदैछ।

कोभिड-१९ महामारी नियन्त्रणका लागि सरकारले वैशाख मसान्तसम्म आन्तरिक तथा अन्तरराष्ट्रिय उडान स्थगन गर्ने निर्णय गरेको थियो । नेपाल र भारतबीच एयर बबल सम्झौता अनुरूप देशबीच सातामा दुई उडान कायम राख्ने गरी सबै आन्तरिक तथा अन्तरराष्ट्रिय उडान बन्द भएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ। हवाई उडानबाट नेपाल आउने भारतीय नागरिकले स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी १० दिन अनिवार्य होटेल क्वारेन्टिन बस्नुपर्नेछ । उनीहरूका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले काठमाडौंका विभिन्न आठ होटल सूचिकृत गरिसकेको छ । विमानस्थल कार्यालयकाअनुसार बिहीबार मध्यरातिसम्म उडान हुनेछ। आज अन्तरराष्ट्रियतर्फ २६ प्रस्थान र २५ आगमन गरी ५१ उडान निर्धारण गरिएको छ।

मन्त्रिपरिषद्को वैशाख १९ मा भएको बैठकले कोरोना रोकथामका लागि आन्तरिक र अन्तरराष्ट्रिय दुबै स्थगन गर्ने निर्णय गरेको थियो । यसअवधिमा चार्टर्ड तथा उद्धार उडान सञ्चालन हुने क्यानले जनाएको छ । आन्तरिक र अन्तरराष्ट्रिय चार्टर्ड तथा उद्धार उडानको हकमा स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना हुनेगरी पर्यटन मन्त्रालयले उडान अनुमति जारी गर्नेछ।

चार्टर्ड र उद्धार अन्तराष्ट्रि उडानबाट आउने/जाने यात्रुहरूको बारकोड र फोटोसहितको पिसिआर रिपोर्ट अनिवार्य गरिएको छ। कोभिड महामारीको जोखिम नियन्त्रणकालागिसरकारलेगतवैशाख १६ देखि काठमाडौं उपत्यकासहित देशका विभिन्न जिल्लामा निषेधाज्ञा लागू गरेको छ। अघिल्लो वर्ष कोभिड-१९ सङक्रमणको पहिलो लहर नेपालमा फैलिएपछि महामारी नियन्त्रणका लागि सरकारले चैत ११ देखि देशभर बन्दाबन्दी गरेको थियो । चैत १० देखि आन्तरिक र अन्तरराष्ट्रिय दुबै उडान स्थगन गरेको थियो।

महामारी घटेपछि गत भदौं १६ गतेबाट अन्तरराष्ट्रिय तथा असोज ५ गतेदेखि आन्तरिक उडान सञ्चालनमा ल्याएको थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# अवस्थाप्रति गम्भीर बनौं

नेपालमा कोरोना संक्रमितको संख्या दिनानुदिन बढीरहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको २४ घण्टामा ९ हजार ७० जनामा कोरोना संक्रमण पुष्टि भएको छ।यो संख्या अहिलेसम्मकै धेरै हो । नेपालमा कोरोना संक्रमितको संख्या तीन लाख ६८ हजार ५८० पुगेको छ । २४घण्टामा २७ सय ७ जनाले कोरोना जितेका छन । कोरोना जित्नेको संख्या दुई लाख ९२ हजार ४९०पुगेको छ। सक्रिय संक्रमित ७२ हजार ५६१ रहेको छ। २४घण्टामा ५४जनाको मृत्यु भएको छाहालसम्म ३ हजार ५ सय २९ जनाले ज्यान गुमाएका छन । अस्पतालमा बेड नपाउने र अक्सिजन अभावमा ज्यान गुमाउनु परेको छ । स्वास्थ्य मन्त्रालयले प्रक्षेपण गरेको भन्दा अगावै संक्रमितको संख्या बढेको छ।

वैशाख १ गते देशभर ६ सय ३ जना संक्रमित थिए। कोभिड–१९ का कारण ३ जनाको मृत्यु भएको थियो । २३ गते आइपुग्दा संक्रमितको संख्या ९ हजार ७० पुगेको छ । २३ दिनमा झन्डै १६ गुणा संक्रमण र करिब २० गुणा मृत्यु बढेको छ। यसको ग्राफ अति ठाडो गतिमा उकालो चढिरहेको छ। सबैभन्दा बढी प्रभावित बाँके जिल्लामा निषेधाज्ञा जारी गरेयता पनि हरेक ६ घण्टामा एक जना संक्रमितको ज्यान गएको खबर प्रकाशित भएको छ । झन्डै दुई सातामा भएको यो मृत्यु औसत मात्र हो । एक साता यताको तथ्यांक विश्लेषण गर्दा त दैनिक कम्तीमा ४ जनादेखि बढीमा १२ जनासम्मले ज्यान गुमाएका छन् । अस्पतालका शय्याहरू जटिल खालका संक्रमितले भरिभराउ छन् । नयाँ संक्रमितले अस्पतालमा शय्या पाउने अवस्था छैन । हरेक दिन स्वाब परीक्षण गराएकामध्ये ८० देखि ९० प्रतिशतभन्दा बढीमा कोरोना संक्रमण पुष्टि भइरहेको छ । अब करिबकरिब घरघरमा संक्रमण पुगेको छ । कतिपय घरमा त पूरै परिवार संक्रमित छन् । स्वास्थ्यका मापदण्डबारे सचेतना फैलाउने र संक्रमितको उपचार गर्ने डाक्टरलगायत स्वास्थ्यकर्मीसमेत संक्रमण झेलेर सेवामा खटिएका छन् ।

नेपालमा गत वर्ष कोरोना सचेतना, संक्रमण रोकथाम र उपचारमा तीन तहकै सरकारले प्राथमिकता दिएर काम गरेका थिए । लामो समय निकै कडाइका साथ लकडाउन गरिएको थियो। सीमा नाका बन्द थिए । विदेशबाट आउने सबैलाई अनिवार्य रूपमा स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा राखिन्थ्यो । संक्रमितलाई आइसोलेसन सेन्टरमा राखिन्थ्यो । जटिल खालका संक्रमितका लागि अस्पतालमा अक्सिजनसहितको आइसोलेसन विशेष अस्पतालमा उपचार हुन्थ्यो। संक्रमित थोरै हुन्थे। उपचार गर्दा निको हुने बढी हुन्थे । गत चैतपछि कोरोना संक्रमण दर फेरि बढ्न थालेको छ । भारतमा दोस्रो चरणको कोरोना संक्रमण बढेपछि त्यसको असर नेपालमा पनि परेको छ। दोस्रो चरणको कोरोनाको संक्रमण दर पनि बढ्दो छ। संक्रमित लक्षणसहितका छन्। अस्पतालमा भर्ना भएका संक्रमितमध्ये अधिकांशलाई अक्सिजनको आवश्यकता परेको छ। विगतमा जस्तो संक्रमितको पहिचान भइसकेपछि अनिवार्य रूपमा १० देखि १४ दिन आइसोलेसनमा राख्ने गरिन्थ्यो। अहिले संक्रमितको संख्या बढी भएकाले जटिल स्वास्थ्य समस्या नभएका सबैलाई होम आइसोलेसनमा पठाइन्छ। सरदर ९० प्रतिशत संक्रमित घरमै स्वउपचाररहत छन् ।

विगतमा संक्रमितको सम्पर्कमा रहेका सबैको कन्ट्याक्ट ट्रेसिङ गरी अनिवार्य कोरोना परीक्षण हुन्थ्यो । 'परीक्षण गर्ने हो भने सबैमा कोरोना छ' भन्ने अनुमानको आधारमा लक्षण देखिएका र समस्यामा परेका व्यक्तिबाहेकको कोरोना परीक्षण गर्न छाडिएको छ । राज्यका तीनै तह (स्थानीय, प्रदेश र केन्द्र) का सरकारबीच समन्वय र सहकार्यमा कोरोना रोकथाम, नियन्त्रण र संक्रमितको उपचार प्राथमिकता हुनुपर्छ। विदेशबाट आउनेलाई अनिवार्य क्वारेन्टाइनमा राख्नुपर्छ । पालिका स्तरमा अक्सिजनसहितका आइसोलेसन निर्माण गर्ने र अस्पतालमा आईसीयू र भेन्टिलेटर विस्तारमा लाग्नुपर्छ। अहिले बढी संक्रमित रहेका जिल्लामा निषेधाज्ञा जारी गरिएको छ। यो सकारात्मक कदम हो। निषेधाज्ञा जारी गरेको एकदेखि दुई साता भइसक्दा पनि संक्रमित र मृतकको संख्या घट्नुको साटो बढ्दो दरमा हुनु भनेको भुसको आगो जस्तै कोरोना समुदाय स्तरमा फैलिसकेको छ।

जसरी पहिलो चरणमा सुदूरपश्चिममा कोरोना संक्रमण बढ्दो दरमा भएपछि केन्द्र सरकारले टोली कर्मचारी खटाएर ठूलो संख्यामा कोरोना परीक्षण गरेको थियो, त्यसैगरी पीसीआर, एन्टिजेनलगायत प्रविधिमा गाउँ टोलमा पुगेर संक्रमितको पहिचान गर्नुपर्छ। संक्रमितको कन्ट्याक्ट ट्रेसिङ अनिवार्य गर्नुपर्छ। मापदण्ड पुगेका व्यक्तिलाई होम आइसोलेसन बस्न दिनुपर्छ। अरू सबैलाई आइसोलेसन सेन्टर बनाएर राख्नुपर्छ। सामान्य लक्षण देखिएका संक्रमितलाई पालिकाले निर्माण गरेका अक्सिजनसहितको आइसोलेसनमा राखेर उपचार गर्न सकिन्छ। बढी जोखिम भएका संक्रमितलाई अस्पतालको आइसोलेसनमा राखेर उपचार गर्न सके सम्भावित क्षति जोगाउन सकिन्छ। बाँच्न सके नाच्न पाइने हुँदा जीवन नै सबै थोक हो। सबैभन्दा महत्त्वपूर्ण कुरा सरकारले जनस्वास्थ्य संकटकाल घोषणा गर्न अब ढिलाइ गर्नु हुँदैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : झमेला बढ्ने | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : शारिरीक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिदधि भविश्यवाणी केन्द्र**

पोखरा–१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जीवन भोगाइ पछिको बुझाइ

सुजता ढकाल



जीवन अन्वेषण गर्दै जाने क्रममा धेरै ठाँउहरु पुगेँ अनि धेरै मनिसहरुसंग भेटे पनि । यात्राहरुका यस्तै क्रममा भेट भएको थियो शान्ति गुरुङ अनि सानुमाया चेपाङ सङ। हुनलाई दुई फरक नाम तर यदि भाग्य हुन्छ र लेखिन्छ भने दुबैको भाग्य सायद एउटै हातले लेखेको हुनपर्छ । एक सय ७४ कि.मि. लामो धेरै गाउठाउँ अनि शहरहरु जोड्ने पृथ्वी राजमार्गले हुग्दि पुल, धादिङबाट दक्षिण पश्चिम लागे पछि १०-१२ कि.मि. मात्र माथि बसेको बेनिघाट रोराङ गा.पा.- १० स्थित गोइराङ गाँउलाइ कहिल्यै विकास सङ जोड्न सकेन अनि सकेन जोड्न सुख सङ।

कैँयौ वर्ष फेरिए, देशमा सत्ता र सरकार फेरिए, अनि फेरिए राजमार्गमा हिँड्ने गाडिहरु प्रत्येक घडी, तर गोइराङको त्यो उजाडलाग्दो पाखोमा बसेका ती साना साना घरका कथाहरु कहिल्यै फेरिएनन् ।

हुन त जीवनमा सुख नदेखेका मानिसलाइ दुःखले पिरोल्दैन रे, केहि पल त्यस्तै पनि लाग्यो जब मैले गोइराङका कथाहरु आँफैले पहिल्याउने मौका पाँए । बिजुली एकै बर्ष आगडी आएको भए पनि, गोइराङका जीवनहरु अझै अँध्यारो मै बाँचिरहेका थिए । विकासको नाममा छ महिना पहिला आएको बाटो मात्र थियो अनि अरु विकासका पुर्वाधारबाट टाढिए जस्तै टाढा टाढा बसाइएका थिए घरहरु । सायद एउटा घरको रित्तो कसौँडि अर्को घरले बजेको नसुनोस भनेर वा अर्कै घरको फाटेको कपडा सिलाउँदै गरेको अर्को घरकाले नदेखुन भनेर ।

पोखरा लेकसिटि कलेज एण्ड रिसर्च सेन्टरमा सामाजिक कार्य र पत्रकारिता पढिरहेकी मलाई समाज पढ्न खुब मन लाग्ने अनि लाग्ने मन समाजमा बस्ने विवेकशील प्राणी भनिने मानिसको कथा सुन्न । त्यसैले कैवाल्य संस्थामा कार्यरत उम्मिद दाइले धादिङ जाने कुरा गर्दा आँफुलाइ रोक्न सकिन र गएँ आँफै सङ पढीरहेका साथी बसन्त पहारी अनी फोटोग्राफर सुवास दाइ सङ । मनमा एउटा बेग्लै कल्पनाले घर बनाइसकेको थियो अनि त्यहाँ भेट हुन सक्ने पात्रहरुले दिमागमा आफ्ना लागि ठाँउ बसाइसकेका थिए। बाक्लो चेपाङ बस्ती अनि गुरुङ मगर मिश्रित ठूलो गाँउ हेर्दा कुनै द्वन्द पछि घायल छोडिएको मान्छे जस्तै देखिन्थ्यो । बाटो खन्दा लागेका चोटहरु अझै ताजा नै देखिन्थे, मानौँ चोटहरुले चिच्याउँदै गुहार्दै छन् खोज्दैछन मलम आँफूलाई अनि बस्तिका आफ्ना आफन्तहरुलाई । स्कूल र शिक्षा व्यवस्था अवलोकन गर्न विद्यार्थीहरुका लागि केहि स्टेसनरी र खेलकुद सामाग्री मात्र लिएर गएका हामीलाई अरु औषधिको अभावले पिरोल्न थालिसकेको थियो। पहिलो दिन झमक्क साँझमा पुगेका हामी थकाइ अनि अफ्ट्यारोले थोरै मात्र कुरा गर्यौ तर हामीले बास बसेको घरका मालीक प्रकाश गुरुङले आफ्नो गाउँ बस्ती अनी बसोबास गर्ने मान्छे सबैको विस्तृत जानकारी दिए। अनि दोस्रो दिन विद्यालय अवलोकन र गाँउ भ्रमणमै बितेकाले केहि कुरा भइरहेको थिएन।

त्यसैले एक दिन अनि दुइ रात वितिसक्दा पनि कुरा हुन नपाएको र सोध्न नसकेको प्रश्न, अफ्ट्यारो मान्दै सोधेकी थिए, १४ महिने बाबु पिँठ्युमा बोकेर बेलुका खाएका भाडा माझ्न निस्केकी शान्ति गुरुङलाई। उनको शारिरिक बनावटबाट अनुमान गर्न सकिन्थ्यो, उनको भर्खरै फक्रदैँ गरेको उमेर, जसलाई उनैको पिँठ्युमा खेलिरहेको कोपिलाले थिच्दै थियो । त्यत्तिका समय उनि मुनिकै छानो बाँडेर बसेकी मलाई खोइ किन आएनन् पहिले यति धेरै प्रश्न? अनि आए पनि त कहिले? तब,जब केहि बेरमै फर्किनु थियो पोखरा। कति महिना भयो नि बाबु? बाट सुरु भएको मेरो प्रश्न कति बेला किन यति छिटै बिहे गरेको नि? मा पुगेछ थाहै भएन । १४ महिने बाबु आफ्नी आमा अनि र मेरो संवाद सुनेर झिझिँदा पो झसङ्ग परे ।

बाबा सानैमा बित्नु भयो, ६-६ वटा छोराछोरीलाइ हुर्काउन आमालाइ धौधौ थियो, त्यसैले दुइ जना ठूला दाइहरुले ज्याला मजदुरीको बाटो रोझे, म भन्दा ठुला दुई दिदिहरुले बिहे गरिसकेका थिए, तर म र सानो भाइ भने एक घण्टा लगाएर स्कूल जान छोडेका थिएनौ पढ्नलाइ जीवन बाहेकको पढाइ । म पाँच कक्षा पढेर ६ कक्षामा जाने बेला भएको थियो, त्यत्तिकैमा म भन्दा १ कक्षा माथि पढ्ने केटा सङ प्रेममा परेँ अनि सुरु भयो मेरो जीवनको अर्को अध्याय ।

एक घण्टा लगाएर कहिले भोको पेट त कहिले खाली खुट्टा हिँड्दा बिरक्त लाग्थ्यो अनि झन बढि बिरक्त लाग्थ्यो घरको गरिवी अनि परिस्थिति देखेर। त्यसैले दिदीहरुले जस्तै खुसि पाउने आशामा यो बाबुको बाबासंग भागेर बिहे गरेँ । मेरो हजुरआमाले म सानो हुँदा सुनाउने कथा जस्तै लाग्यो मलाइ उनको कुरा । सानै उमेरमा बाबाआमाले झुक्काएर बिहे गरिदिने कथा,हजुरआमाको कथा तर शान्तिको कुरा हजुरआमाको कथा भन्दा फरक थियो, किन कि उनलाइ उनका बाबाआमाले झुक्काएर गरिदिएका थिएनन् उनको बिहे । यती भनीसक्दा उनको आँखामा भरिएको आँसुको गहिराइ अनि बोलिमा छोपिएको पछुतो र लाज सायदै आज कलमले लेख्न सक्ला तर मैले प्रस्ट देख्न सक्थे उनका हरेक शव्द अनि आँखामा । मैले बाल्टीबाट पानी झिक्दै गर्दा उनले दोहोराएका शब्द "आज पछुतो लाग्छ" अझै पनि मेरो दिमागमा गडेर बसेको छ, तर खोइ किन त्येसै बेला पनि फेरी किन?भनेर सोध्न मन लागेन, सायद किनकी मैले देखिसकेकी थिए उनको उत्तरमा आउन सक्ने दृश्यहरु, उनका जेठाजु प्रकाश गुरुंगको परिवार संगै बसेसी उनैको घरमा बस्दा, खादा अनि नियाल्दा ।

गरिवी अनि पिडा बाट भाग्न उनले बिहे गरेकी थिइन, उनलाइ पढाइको बाटो भन्दा सजिलो लागेको थियो बिहेको बाटो। त्यसपछी उनको पिडा कम भयो कि भएन थाहा भएन तर गरिवी भने उनले व्याख्या गरे जस्तै थियो अझै पनी।तर सायद उनले त्यसबेला स्कुलको १ घन्टाको बाटो केहि बर्ष अझै हिँडेको भए आज उनको गन्तब्य सायद अर्कै हुन्थ्यो होला । अब त स्कूल पनि नजिकै छ, फेरी पढ्न जान मन लाग्दैन? मेरो प्रश्नमा उन्को उत्तर मुस्कान थियो, लाज अनि संकोचले भरिएको मुस्कान अनि बिस्तारै तेर्सो गरेर बारम्बार हल्लाइएको शिर ।

साएद भन्न खोज्दै थिइन अब त लाज लाग्छ, बाबु पनि त छ, कसरी ? अब बाबुलाइ पढाउछु, म अनि यसको बा जस्तो हुन दिन्न यसलाई । लागेको थियो, शान्तिको कथा मगजमा धेरै बेर अढिदैन, कलेजमा पढेका पाठहरु जस्तै, तर अहँ! त्यसो भएन। करिब ६ महिना अघि मात्र ६ बर्ष लगाएर आएको बाटोबाट तल झर्दैगर्दा पनी उनको कथा हामीसँगै गाडी चडेर तल हुग्दी पूल सम्मै आयो, छोराको कान जचाँउने बाहाना बनाएर, अनि सँगै भेटाइदियो उनी भएकै कथाको अर्को पात्र सानुमाया चेपाङ सँग । त्यसो त हिजो अस्तिको बसाईका देखाइ अनि भोगाइबाट म प्रस्ट थिए, शान्ति गुरुङको कथा उनि मात्रमा सिमित नभएर सबै गोइराङ गाउँकै कथा हो तर पनि फेरी म झस्किए, सानु मायाको उमेर सुनेर ।

काखमा १० दिने नानी बोकेर तल हेल्थपोस्ट सम्म जँचाउन हिडेको त्यो सानो शरीर मात्र १५ बर्षको रहेछ अनि २ बर्ष पुरानो रहेछ उन्को बिहेको कथा ।

तर बल्ल टुसाँउदै गरेका स्तनबाट उनले एउटा अर्को शरीर पाल्दै थिईन अनि पाल्दै थिईन भविष्यकी उनलाई। सानुमायालाई बढि प्रश्न गर्न उनको सुत्केरी शरीर अनि झारा टार्न मात्र खनीएको अफ्ट्यारो बाटोले दिएन तर नानी काखमा समाएर चिम्लिएका उनका बन्द आँखामा पनि म देख्न सक्थे उनको कथा, शान्तिको जस्तै उनको बिहेको कथा अनि सानी छोरीको भोलि फेरी दोहोरीन सक्ने कथा, जुन म चाहन्न थिए दोहोरियोस्, अनी सुन्न परोस म जस्तै कोइ अरुले, उनको बिहेको बाटोको कथा अनि पछुतोको व्यथा, कुनै पनि कारणले ।

गोइराङ जान पनी नानाथरी बाहाना अनी घुर्की लगाएर गएकी मलाइ सानुमाया र शान्तीको कथाले आफ्नो जीवन एक चोटी फेरी फर्केर हेर्न बाध्य बनाएको थियो। कसरी म स्कुल जान बाबाआमालाई यो र त्यो किन्दीन माग गर्थे, कलेज जाँदा होस या साथीहरुसंग बाहीर घुम्न जादा होस, पैसा माग्न कती सजीलो थियो, २१ बर्ष लागिसक्दा पनि सानै छेस् भनेर कतै जान दिन अफ्टयारो मान्ने बाबाआमालाई मैले बारम्बार सम्झीरहेकी थिए। यसपाली रिसले होइन प्रेमले, सम्मानले अनी कृतज्ञताले । कसरी हरेक कुराका लागि, नचाहीदो माग देखी अती आवश्यक अर्ती दिएका पल सम्म, मैले एकाएक सबै सम्झीरहेकी थिएँ। त्यती सबै माझ मेरा गोइराङ नामक कथाका पात्रलाइ धन्यवाद संगै नराम्रो मानीदिनु बाहेक म अरु केही गर्न सकीरहेकी थीइन। तर मेरो हातमा भएको र गर्न पनि सक्ने प्राथना थियो जुन मैले गरीरहेकी थिए उनीहरुसंग छुटेपछी आज यो लेखीरहदा सम्म उनीहरुका लागि, उनीहरुका काखमा खेलेका नानीबाबु देखी उनीहरु जस्तै, भेट हुन नपाएका बेनीघाटका अरु पात्र अनी छुटाउनै नमील्ने सरकारका योजना र नितीहरुका लागि जस्ले कुनैदीन शान्ती अनि सानुमायाको जस्तो जीवन अरु बन्न दिनेछैन, अनि दिनेछैन रोज्न सजीलो शिक्षा माथी बिहेको बाटो । लेखीका लेक सिटी कलेज एण्ड रिसर्च सेन्टरमा विए प्रथम वर्षमा अध्ययनरत छिन् ।

- पोखरा

# प्लान्ट मरमत नहुँदा अक्सिजन अभाव हुने चिन्ता

–तारानाथ आचार्य

बागलुङ, २३ बैशाख (रासस)

कोरोनाका सङ्क्रमित दिनदिनै बढिरहेको बेला धौलागिरि अस्पतालमा रहेको अक्सिजन प्लान्ट मरमत नहुँदा अक्सिजन अभाव हुने चिन्ता बढेको छ । सामाजिक विकास मन्त्रालयले बजेट निकासा नगर्दा खर्चको जोहो गर्न पालिकातर्फ मुख ताक्नुपरेको कोभिड व्यवस्थापन समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिनुभयो ।

अस्पतालमा आइसियू थप्नुपर्ने दबाव पनि छ। सङ्कटका समयमा बजेट निकासा नहुने आवश्यकता बढी भैरहेकोले खर्चको जोहोबारे समितिमा समेत कार्यसूचि बनिरहेको हो । "अस्पताल व्यवस्थापनले खर्च अभाव भएको बताएपछि पालिकातर्फ जोहो गर्दैछौं " उहाँले भन्नुभयो, "निकासामा किन ढीलाई भयो त्यो खोज्न लगाएको छु ।" बजेट निकासा नभएकोले समितिमार्फत पालिका तहमा हारगुहार गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

श्वासप्रश्वासको समस्या भएका कोरोना सङ्क्रमित बढ्दै जाँदा अक्सिजन प्लान्ट सर्भिसिङ गर्नुपर्ने मेडिकल सुपरिटेण्डेन्ट डा शैलेन्द्र पोखरेलले जानकारी दिनुभयो । अक्सिजन खोज्दै आएका बिरामीलाई सेवा दिन अस्पतालमा उपकरण समेत थप्नुपर्ने भएको हो । सर्भिसिङ अभावमा जुनसुकै बेला अक्सिजन सकिने भएपछि अस्पताल प्रशासन, व्यवस्थापन समिति र चिकित्सकले बिकल्प खोज्न थालेका हुन् । डेढ वर्षअघि जडान भएपनि सर्भिसिङको समय भएकोले अक्सिजन कम हुँदै गएको हो । तत्काल सर्भिसिङ नगरेमा जटिल समस्या भएका कोरोनाका बिरामी आउँदा बचाउन नसकिने अवस्था आउने डा. पोखरेलले बताउनुभयो । "प्लान्ट स्थापना भएपछि अक्सिजन नियमित र पर्याप्त उत्पादन हुन बेला बेला सर्भिसिङ गर्नुपर्छ " अस्पताल व्यस्थापन समितिका सदस्य शालिकराम शर्माले भन्नुभयो, "यसका लागि ढीला भए समस्या आउन सक्छ । "एक पटकमा सातदेखि आठ लाख रूपैयाँ खर्च गर्दा कम्तिमा सात महिनासम्म निरन्तर अक्सिजन उत्पादन हुने उहाँले जानकारी दिनुभयो । छिट्टै अक्सिजन सकिने अवस्थामा पुगेको उहाँले बताउनुभयो ।

अस्पतालमा छुट्टै कोष नभएपछि सहयोगको भरमा अत्यावश्यक उपकरण ल्याउनु परेको हो । अस्पतालले आइसियू, डायलायसिस र पीसीआर उपकरण पनि सहयोग जुटाएर जडान गरेको थियो । समितिको बैठकमा अक्सिजन चुनौती हुन सक्ने प्रमुख एजेण्डा बनेपछि सबै पालिका प्रमुख र सुरक्षा निकायका प्रमुखले तत्काल जुटाउन पहल गर्ने सुझाव दिएका छन् । अस्पतालको पूर्वाधार निर्माणाधीन भएपनि आवश्यक पर्दा १०० सम्मलाई अक्सिजन दिएर उपचार गर्न सक्ने योजना डा पोखरेलले सुनाएपछि प्रमुख जिल्ला अधिकारी र जनप्रतिनिधिले खर्चको जोहो गर्ने आश्वासन समेत दिनुभएको छ । जटिल अवस्था आउन नदिन स्थानीय पालिकाबाट चन्दा उठाएरै भएपनि सर्भिसिङ गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताउनुभयो । "सर्भिसिङ गरेपछि सात महिना ढुक्क हुन सकिने देखियो " कार्कीले भन्नुभयो, "बागलुङका दश पालिकाले एकएक लाख सहयोग गर्दा समस्या समाधान हुन्छ ।"अहिले धौलागिरि अस्पतालमा २५ शय्या आइशोलेसन छन् । अन्य बिरामीका लागि ५० शय्या छन् । जटिल समस्या आएमा ओपिडीको परीक्षण रोकेर सामान्य शय्या पनि प्रयोग गर्दा ७५ जनालाई नियमित अक्सिजन प्लान्टबाटै उपचार गर्न सकिन्छ । कोरोनाले श्वासप्रश्वासमा समस्या देखिएकालाई अन्य बिरामीभन्दा हाइ स्पिड अक्सिजन चाहिने चिकित्सकले जनाएका छन् । सिलिण्डरमा भरेर सेवा दिँदा १०० जनालाई पुग्ने सुपरिटेण्डेन्ट डा. पोखरेलले जानकारी दिनुभयो । अस्पतालको सी ब्लक बनिसकेपछि भने २०० शय्या क्षमता बनाएर सबैमा अक्सिजन बितरण गर्ने योजना उहाँले सुनाउनुभयो । बागलुङ नगरपालिकाले रात्माटामा रहेको आफ्नो पुरानो भवन सरसफाइ गरेर २५ शय्या क्षमताको आइशोलेसन बनाउन लागेको छ । धौलागिरि बहुमुखी क्याम्पससँग पनि छलफल भएकोले प्रयोगमा ल्याउन सकेमा १०० बढी शय्या आइशोलेसन सदरमुकाम मै तयार हुने बताइएको छ । चिकित्सकले तत्काल सेवा दिन सक्ने स्थानमा मात्रै आइशोलेसन बनाउने योजनामा समितिले काम गरिरहेको हो ।

# वसन्त आरोहण: कुन हिमालमा कति आरोही

रासस

काठमाडौं, २३ बैशाख

कोभिड-१९ महामारीबीच जारी यस वर्षको वसन्त यामका सगरमाथा आरोहणमा हालसम्मकै बढी आरोहीले आरोहण अनुमति लिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार सगरमाथाका लागि सर्वाधिक ४३ आरोही समूहका ४०८ आरोहीले आरोहण अनुमति लिएका छन् । यसमा ९३ महिला र ३१५ पुरुष छन् । सो याममा सगरमाथाका लागि ४१ आरोही समूहले अनुमति पाएका थिए । यो अघिल्लो सन् २०१९ को वसन्त यामभन्दा बढी हो । सन् २०२० मा वसन्त आरोहण भएन ।

विभागको पर्वतारोहण शाखाका विवरणमा सोलुखुम्बुमा पर्ने सगरमाथा (८,८४८.८६ मिटर) आरोहणका लागि ४३ सहित ८५ आरोही समूहका ७४२ आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथापछि सोही क्षेत्रमा पर्ने ल्होत्से (८,५१६ मिटर) हिमाल आरोहणका लागि १४ आरोही समूहका ९६ महिला र २९ पुरुष गरी १२५ आरोही छन् । नुप्से (७,८६४ मिटर) मा ३८ र पुमरी (७,१६१ मिटर) मा नौ आरोहीलाई अनुमति दिइएको छ । त्यसैगरी गण्डकी क्षेत्रमा पर्ने अन्नपूर्ण हिमाल (८,०९१) आरोहणका लागि आर आरोही समूहका ४४ र धौलागिरि हिमाल (८,१६७ मिटर) मा पाँच आरोही समूहका ३३ आरोही छन् । सङ्खुवासभामा पर्ने मकालु हिमाल (८,८४६३ मिटर) आरोहणका लागि दुई आरोही समूहका २० र गोरखामा पर्ने मनास्लु हिमाल (८,१६३ मिटर) मा एक आरोही समूहले अनुमति लिएका छन् । तिलिचो हिमाल (७,१३३ मिटर) मा आठ र हिम्लुङ हिमाल (७,१२६ मिटर) मा सात आरोहीलाई अनुमति दिइएको छ।

यसबीचमा अन्नपूर्ण हिमालमा केही आरोहण भए भने मौसमले साथ दिए अबको केही दिनभित्रै सगरमाथा आरोहण शुरु हुने विभागले जनाएको छ।

अहिले अधिकांश आरोही सगरमाथाको आधार शिविरमा छन्। सर्वोच्च सगरमाथाको चुचुरासम्म बाटो बनाउने आइसफल डाक्टर अहिले सगरमाथाको क्याम्प ४ मा पुगिसकेका छन् । सगरमाथासहितका १९ हिमाल तथा पिक आरोहणका लागि २४ एक्सिपीडिसन कम्पनीमार्फत पर्वतारोही गन्तव्यमा निस्केका छन् । वसन्त यामको हिमाल आरोहणबाट हालसम्म रु ७१ करोड ४८ लाख भन्दा बढी सलामी सङ्कलन भएको छ । सगरमाथाबाट मात्रै करीब रु ६६ करोड रोयल्टी जम्मा भएको छ । कोभिड-१९ महामारीबीच सञ्चालन भइरहेको पर्वतारोहणले मुलुकको पर्वतीय पर्यटन सुरक्षित रहेको सकारात्मक सन्देश विश्वभर प्रवाह गरेको विभागको बुझाइ छ।

# देशभरका सडकमा एकै मापदण्डः कार्यान्वयनमा कठिनाइ

**रासस**
**काठमाडौं, २३ बैशाख**

सरकारले राष्ट्रिय राजमार्गको चौडाइ आवश्यकताका आधारमा नभएर सबै ठाउँमा एकनास बनाउँदा कार्यान्वयन गराउन कठिन भएको छ । सडक ऐन, २०३१ का आधारमा नै अहिलेसम्म सडक चौडाइ निर्धारण भइरहेको छ।

त्यसका आधारमा नियमावली बन्न नसकेका कारण सबैतिर एउटै मापदण्ड लागु भइरहेको सडक विभागले जनाएको छ । कुनै पनि सडक कत्तिको महत्वपूर्ण छ हेरेर र त्यसको भविष्यसम्मको आवश्यकता हेरेर चौडाइ निर्धारण गर्दा कार्यान्वयन गर्न सजिलो हुने विभागका प्रवक्ता शिवप्रसाद नेपालले बताउनुभयो । उहाँका अनुसार राष्ट्रिय राजमार्गका लागि कति जग्गा लिने र भविष्यसम्मका लागि कति आवश्यक छ भनी विचार गरेर योजना बनाउनुपर्छ । राष्ट्रिय अर्थतन्त्रको केन्द्र कहाँ बन्दैछ वा कुन करिडोर बन्दैछ भन्ने हेरेर योजना बनाउँदा सजिलो हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “सरकार आफैँले कहाँ केन्द्र बनाउने निर्धारण गरेर सडकको अधिकार क्षेत्र तोक्नुपर्छ ।”

देशको पूर्वपश्चिम जोड्ने पहिलो महेन्द्र राजमार्गको चौडाइ पहिले नै ३१ मिटर तोकिएको थियो । ऐन बन्नुभन्दा पहिलेका राष्ट्रिय राजमार्गमा ३१ मिटरसम्म स्वतः सडकका नाममा जग्गा कायम हुने व्यवस्था थियो । सडक निर्माण गर्दा भविष्यको आवश्यकतासम्म विचार गर्दा काम गर्न सजिलो हुने प्रवक्ता नेपालले बताउनुभयो । अग्रजले त्यतिबेलाको आवश्यकता नभएर भविष्यलाई समेत विचार गरेको पाइएको छ। उहाँले भन्नुभयो, “त्यही कारणले अहिले पनि पूर्वपश्चिम राजमार्ग चौडा गर्दा बढाउन सकिएको छ।”

अहिले निर्माण भइरहेका राजमार्गमा सडकको अधिकार क्षेत्र (राइट अफ वे) नतोक्ने वा तोक्न अनकनाउँदा भविष्यमा अझै समस्या आउन सक्ने देखिएको प्रवक्ता नेपालले बताउनुभयो। यी सडकको भविष्यमा विस्तार र स्तरोन्नति गर्न झन् समस्या हुनेछ । अहिले निर्माणाधीन कतिपय राजमार्ग नौदेखि ११ मिटर चौडाइ कायम गर्न पनि कठिन भएको छ । नेपालमा एकातिर सवारी साधन चाप बढी भएका सडकमा ५० मिटर चौडाइ केही वर्षमा नै अपर्याप्त हुने देखिन थालेको छ । अधिकांश सडकमा चौडाइभन्दा चारपाँच गुणा कम चौडाइमा कालोपत्र भइरहेको छ। छिमेकी देशमा १२/१४ लेनका सडक १२० मिटरसम्म चौडा बनाइएको र अझै आवश्यक हुँदा लेन थप्न मिल्ने गरी संरचना बनाइएको प्रवक्ता नेपालले बताउनुभयो। नेपालमा अहिले भर्खर जति चौडाइको सडक छ त्यसमा भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुने अवस्था छैन। त्यसमा एकदुई लेन थप्नसमेत पूरै सडक भत्काउनुपर्ने अवस्था छ । उहाँले भन्नुभयो, “त्यसैले पनि हामीले राजमार्ग विस्तार गर्दा मर्मत अवधिमा निकै सास्ती भोग्नु परिरहेको छ।”

सरकारले वैज्ञानिक मुआब्जा प्रणाली लागु गरेरै जग्गा नलिँदासम्म कम चौडाइमै सडक निर्माण गर्नुपर्ने बाध्यता रहने विभागले जनाएको छ । जिल्ला प्रशासन कार्यालयमा मुआब्जा निर्धारणका लागि बनाइएको समितिले मात्रै यो समस्याको स्याथी रूपमा समाधान गर्न नसक्ने प्रवक्ता नेपालले बताउनुभयो । राष्ट्रिय नीति बनाएर वैज्ञानिक रूपमा जग्गाको मूल्य निर्धारण गर्दा स्थानीयवासीलाई पनि मर्का नपर्ने गरी सडक निर्माण गर्न सकिन्छ। उहाँले भन्नुभयो, “उपयुक्त मुआब्जा दिने एउटा प्रणाली बनाएर काम गर्दा कम मूल्यको जग्गामा बढी निर्धारण भयो भन्ने आरोप पनि लाग्दैन ।” सडकको मापदण्डका विषयमा प्रष्ट योजना बन्न नसक्दा अहिले पनि कम चौडाइमा कालोपत्र गर्न परिरहेको र भविष्यमा केही गरौँ भनेर पनि गर्न नसकिने अवस्था रहेको प्रवक्ता नेपालले बताउनुभयो। सरकारले एउटै सडक चौडा बढाउन नसकेमा त्यसको विकल्प सडक निर्माण बनाउँदा जनतालाई पनि थप सुविधा हुने उहाँको भनाइ छ। अहिले पूर्वपश्चिम राजमार्गसँगै पूर्वदेखि पश्चिमसम्मका जिल्ला जोड्ने गरी थप तीन राजमार्ग निर्माणाधीन छन् । उहाँका अनुसार नयाँ राजमार्ग बनाउँदा सडकको चौडाइ कम भए पनि समस्या कम हुने र अर्को ठाउँमा समानुपातिक विकास हुन्छ।

अहिलेसम्म सङ्घीय सरकारले बनाएका सडकमा जनसङ्ख्याका अनुपमतमा सडकको लम्बाइ बढी नभएको प्रवक्ता नेपालले बताउनुभयो । कतिपय स्थानमा सडक जोडिने भए पनि त्यसले स्थानीयवासीलाई सुविधा दिने देखिएको छ । मदन भण्डारी राजमार्ग र पूर्वपश्चिम राजमार्ग दमकभन्दा पूर्व जोडिने अवस्थामा आएको छ। गैँडाकोटदेखि पाल्पा र स्याङ्जाको सिमाना राम्दीसम्म १३२ किमी मदन भण्डारी र कालीगण्डकी ‘ओभरल्याप’ हुने अवस्था आएको छ। अहिले कालीगण्डकी करिडोरले सो खण्डमा कालोपत्र गरिरहेको छ। त्यो ठाउँमा नाम दोहोरिए पनि काम दोहोरो नहुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “ठूलो राजमार्ग भएकाले नामकरणमा मदन भण्डारी सडक भए पनि समस्या होइन।”

सडक ऐन २०३१ मा सडकको चौडाइ तोकिएको थियो। त्यसपछि सो ऐनका आधारमा नियमावली बन्न सकेको छैन । नियमावलीमा नबनेकाले अहिलेसम्म ऐन नै लागु भइरहेको छ । नियमावलीमा फरक सडकका लागि फरक किसिमका मापदण्ड तोक्न सकिने भए पनि नियमावली नहुँदा अहिलेसम्म एकै किसिमको मापदण्ड छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा ऐन संशोधनका लागि समेत छलफल भएको थियो।

# एक करोडको लगानीमा पशुपालन र रेष्टुरेन्ट संचालन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ बैशाख**

म्याग्दीका एक व्यक्तिले छ वर्षसम्म कोरियामा कठोर परिश्रम गरेर कमाएको रु एक करोड स्वदेश फर्केर आफ्नै गाउँमा पशुपालन र रेष्टुरेन्टमा लगानी गर्नुभएको छ। म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरका ४० वर्षीय रमेश रावलले छ वर्ष कोरियामा कमाएको पैसा गाउँमै पशुपालन र रेष्टुरेन्टमा लगानी गर्नुभएको हो।

रावलले बेनी-बागलुङ सडक खण्डको रत्नेचौरमा रु ५० लाखको लगानीमा गाईभैँसी पालन शुरु गर्नुभएको छ। गत सालदेखि गाईभैँसी पालन शुरु गर्नुभएका रावलको पशु फर्ममा आठवटा गाई र पाँचवटा भैँसी छन् । गाई र भैँसीबाट दैनिक १०० लिटर दूध उत्पादन हुने र त्यो दूध बेनी र बागलुङको बजारमा रहेका दूध डेरीमा बिक्री गर्दै आएको रावलले बताउनुभयो । गत वर्ष कोरोनाका कारण लकडाउन भएपछि उहाँले गाईभैँसीपालन शुरु गर्नुभएको थियो। रावलले अहिले रु ५० लाखको लगानीमा पशु फार्म नजिकै रेष्टुरेन्ट सञ्चालनका लागि संरचना निर्माण गर्दै गरेको बताउनुभयो। आधुनिक किसिमको रेष्टुरेन्टको भौतिक संरचनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ । पशुपालनबाट आम्दानीसमेत हुन थालेपछि रावलले रेष्टुरेन्ट सञ्चालन गर्न थालेको बताउनुभयो । रेष्टुरेन्ट सञ्चालन गर्नका लागि आकर्षक भवनहरु निर्माण हुँदैछन् । यसमा उहाँले रावलले ५० लाख लगानी गर्नुभएको छ । “रु ५० लगानी गरेर गत वर्ष पशु फर्म सञ्चालन गरैँ, अहिले होटल पनि सञ्चालन गर्नुपऱ्यो भनेर रु ५० लाख जतिको लागतमा व्यवस्थापन कार्य चलिरहेको छ”, रावलले भन्नुभयो। वर्षौंदेखि बाँझो पल्टिएको आफ्नो जमीनमा उहाँले पशु फार्म र रेष्टुरेन्ट सञ्चालन गर्नुभएको हो। बागलुङ र म्याग्दी दुवैतिरका मानिसलाई पायक पर्ने ठाउँमा पाँच कोठाको आकर्षक रेष्टुरेन्ट निर्माण भइरहेको छ । विशेषगरी म्याग्दी र बागलुङका ग्राहकलाई लक्षित गरी होटल सञ्चालन गर्नुभएका उहाँले बागलुङदेखि मुक्तिनाथ र गलेश्वर जाने आन्तरिक तथा बाह्य पर्यटकले समेत सेवा लिन सक्ने बताउनुभयो। रावलले आफ्नो पशु फर्ममा चार जनालाई रोजगारीसमेत दिनुभएको छ । उनीहरुलाई राम्रो सेवा सुविधा दिएर राखेको रावल बताउनुहुन्छ । “युवाहरुले गाउँमा काम गर्न मान्दैनन्, सबै विदेशतिर जान खोज्छन्, गाउँमा काम गर्ने मान्छे पाउन पनि साह्रै मुस्किल छ”, उहाँले भन्नुभयो। दूध बेचेरै मासिक रु एक लाख कमाउँदै आउनुभएका रावलले समयको मागलाई चिनेर राम्रोसँग व्यवसाय गर्न सक्ने हो भने आफ्नै गाउँठाउँमा विदेशमा भन्दा बढी कमाइ गर्न सकिने बताउनुभयो। विदेश जाने भनेर हुरुक्क नहुन पनि रावलले युवा पुस्तालाई आग्रह गर्नुभयो। “महामारी होस् वा अन्य कुनै विपत्ति, आखिर फर्किनु पर्ने त आफनै गाउँमा हो”, उहाँले भन्नुभयो “अप्ठ्यारो पर्दा मात्र होइन, जोश, जाँगर, उमेर र वर्गत छँदै आफ्नो माटोको सुगन्धलाई चिन्न सक्नु पर्दोरहेछ । नत्र पछि पछुताउनुको विकल्प हुँदोरहेनछ।”

# ट्र्याक्टर दुर्घटना हुँदा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ बैशाख**

ऋषिङ गाउँपालिका-४ स्थित मधुवनमा बुधबार ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही वडा निवासी २५ वर्षीय वीरबहादुर बोटे रहेका छन् । ट्र्याक्टरमा सवार बोटेको दुर्घटनामा परी घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

ना ६ त ४२०७ नंको ट्र्याक्टर भित्री सडकमा आफैँ अनियन्त्रित भई सडकबाट करिब २५ मिटर तल खस्दा सो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उक्त दुर्घटनामा परी सोही वडा निवासी २२ वर्षीय किरण श्रेष्ठ र १८ वर्षीय सुन्दर श्रेष्ठ घाइते भएका छन्। किरणको दमौलीमा र सुन्दरको थप उपचारका लागि पोखरास्थित मणिपाल अस्पतालमा सिफारिश गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो। मृत्यु हुने व्यक्ति ट्र्याक्टर चालक हुन् या सवार गर्ने व्यक्ति हुन् भन्ने विषयमा थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# बेनीमा निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ बैशाख**

दोस्रो लहरको कोरोना सङ्क्रमण नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय म्याग्दीले बेनी नगरपालिका क्षेत्रमा बुधबारदेखि निषेधाज्ञा गरेको छ । बेनी नगरपालिका र जिल्ला कोभिड नियन्त्रण सङ्कट व्यवस्थापन केन्द्रको सिफारिसको आधारमा वैशाख २२ गते राति १२ बजेदेखि ३१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा लागू गरेको हो । प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले बेनी नगरपालिका क्षेत्रमा नौ दिन निषेधाज्ञा जारी गरेर अत्यावश्यकबाहेकका सेवा बन्द गरिएको बताउनुभयो। चिकित्सक, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, राजनीतिकर्मी र सङ्घसंस्थाका प्रतिनिधिले कोरोना रोकथामका लागि निषेधाज्ञा गर्न सिफारिस गरेका थिए।

म्याग्दीमा हाल १०२ सक्रिय सङ्क्रमित छन् । २३ सङ्क्रमित उपचारपछि निको भएका स्वास्थ्य कार्यालयले जनाएको छ। वैशाख १९ गते सङ्कलन गरिएको ४२ वटा स्वाबको नमूना परीक्षण गर्दा मङ्गलबार २९ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

बेनी नगरपालिकाको वडा नं ४ मा पर्ने सिङ्गा तातोपानी बजार पछिल्लो समय कोरोनाको हटस्पट बनेको छ । सदरमुकाम बेनीका साथै ग्रामीण क्षेत्रमा पनि तीव्ररूपमा कोरोनाको सङ्क्रमण फैलिएको छ।

निषेधाज्ञामा औषधि उपचार, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने, तोकिएको समयमा खाद्यवस्तु खरिद गर्नेजस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाहिर निस्कन र हिँडडुल गर्न पाउने छैनन् । अस्पताल, औषधालय, औषधि एवं स्वास्थ्य सामग्रीका पसल २४सै घण्टा खुल्नेछन् । तरकारी, फलफूल, डेरीजन्य उत्पादन, ग्यासलगायतका अत्यावश्यक सेवाका पसल स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पूर्ण पालना गरी बिहान ७ देखि १० बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ। यसैगरी म्याग्दीको धवलागिरि गाउँपालिका, वडा र सेवा केन्द्रका कार्यालय अनिश्चितकालका लागि बन्द भएको छ। समुदायस्तरमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणका लागि गाउँपालिका, सातवटै वडा र विषयगत सेवा कार्यालयको अतिआवश्यकबाहेकका सेवा बन्द गरिएको अध्यक्ष थमसरा पुनद्वारा बुधबार जारी भएको विज्ञप्तिमा उल्लेख छ। धवलागिरिको ताकम र लुलाङ कोरोनाको हटस्पट बनेको अध्यक्ष थमसरा पुनले बताउनुभयो।

हाल छ जना सङ्क्रमित गाउँमै होमआइसोलेशनमा छन् । तीन सङ्क्रमित बेनीमा छन् । बुधबार ताकममा एन्टिजेन परीक्षण गर्दा चार जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

गाउँपालिकाले बैशाख १४ गतेदेखि नै विद्यालयमा भौतिक उपस्थितिमा पठनपाठन बन्द गराएको छ। मेला, जात्रा, पूजापाठ र भीडभाडजन्य क्रियाकलाप बन्द गरिएको छ । स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गरी कोरोना नियन्त्रणमा सहयोग गर्न अध्यक्ष पुनले पालिकावासीलाई अपिल गर्नुभएको छ।

# ९ नाउर र ४ झारलको शिकार

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ बैशाख**

चालु आर्थिक वर्षको दोस्रो शिकार याम चैत-वैशाखमा ढोरपाटन शिकार आरक्षमा नौ नाउर र चार झारलको शिकार भएको छ। विदेशी शिकारी आरक्षका विभिन्न शिकार ‘ब्लक’मा पुगेर शिकार गरेका हुन् । शिकारको दोस्रो यामका शिकारीले नौ नाउर र पाँच झारल शिकारको अनुमती पाएका थिए । तीमध्ये १ झारलको शिकार हुन नसकेको हो।

दोस्रो यामको शिकारबाट झण्डै २५ लाख रुपैयाँ राजश्व उठेको आरक्ष कार्यालयले जनाएको छ। यो वर्ष लिलाम बढाबढ गर्दा नाउरको एक लाख ८१ हजारदेखि एक लाख ९५ हजार र झारलको एक लाखसम्म तोकिएको थियो । पहिलो शिकार याम असोज-कात्तिकमा नौ नाउर र पाँच झारलको शिकार अनुमती दिइएको भएपनि कोभिड-१९ महामारीका कारण शिकार हुन सकेको थिएन् । पहिलो याममा एक झारल र एक नाउरको शिकार भएकोमा चालु वर्षको दोस्रो याममा भने लक्ष्यको नजिक शिकार भएको प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो।

आरक्षको फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ, सुर्तिबाङ र सुनदह गरी ७ ‘ब्लक’ मा शिकार खेल्ने गरिएको छ । शिकार कम्पनी नेपाल ट्राभल एक्सपिडिसन प्रालि, हिमालयन वाइल्डलाइफ आउटफिटर्स प्रालि, ग्लोबल सफारिज प्रालि र हिमालयन सफारिज काठमाण्डौमार्फत शिकारी ढोरपाटन पुगेका थिए । बन्दुक, गोलीगठ्ठा र सहयोगीसहित शिकारी आरक्ष आउने गरेको अधिकृत कँडेलले बताउनुभयो । खर्चिला र साहसी शिकारीले विकटमा रहेका ‘ब्लक’ मा शिकार खेल्न रुचाउने गरेको उहाँको भनाइ छ । विदेशी शिकारीसहितको टोलीले १५ दिन शिकारमा बिताउने गरेको छ। दोस्रो याममा अमेरिका, रुस, फ्रान्स, युक्रेन र स्पेनका पेशेवर शिकारीले शिकार गरेका हुन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक शिकार याममा बोलपत्र आह्वान गरेर शिकारको कोटा र राजश्व दर निर्धारण गर्छ । शिकारको दर बढ्दा वार्षिक करोडभन्दा बढी राजश्व उठ्ने गरेको छ। साहसिक यात्रा र रोमाञ्चक शिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बनेको छ। विभागले २०७७ चैत १० गते शिकार अनुज्ञापत्र प्रदान गरेको थियो।

# जानकारीको लागि अनुरोध

**पोखराबाट प्रकाशित पत्रिकाले ‘प्रहरी नै मिच्छ कानुन चौतारो मासेर नहर माथी चौकी’ भन्ने शीर्षकको समाचारको बारेमा कतिपय भित्र लुकेका कुरा र समस्या थाहा नहुदाँ पनि बाहिर मात्र हेरेको भरमा समाचार सम्प्रेषण हुन गएको ब्यहोरालाई सजिलो पार्न भएको सत्य र तथ्य कुराको जानकारी यहाँ गराइएको छ।**

**पोखरा– ३ बालमन्दिर अगाडि भएको सिचाइ नहरको छेउ र सडकको किनारमा १२/१० फिटको कोठा भएको छाप्रोमा एक जना हवल्दार समेत ५ जना प्रहरी रहेर बिगत २५ बर्षदेखि नागरिकहरुको शान्ति सुरक्षाको लागि सेवा पुऱ्याउदै आउनु भएको नदिपुर प्रहरी बिटको बारेमा त्याहाँको हालत सबैलाइ सर्बबिदितै छ। बिगत २५ बर्षसम्म सुरक्षा दिने प्रहरी बस्ने ठाउँमा न कुनै खाना बनाउने कोठा थियो न शौचालयको ब्यबस्था नै थियो भने सडकको किनारामा कुनै सवारीले धक्का दियो भने सुरक्षा प्रदान गर्ने प्रहरी नै असुरक्षित अबस्थामा हुदाँ त्यस बारेमा कोहि ब्यक्ति, संघ सस्था र कुनै मेडिया आएर सोधपुछ गरेको देखिएन। प्रहरी बिट रहनु भन्दा पहिला त्यस सिचाइ नहरबाट नदिपुरबासी नारायण पराजुलीको त्यस ठाउबाट खसेर जीवन समाप्त भयो। गाई भैंसी र अन्य चौपाय त्यसै नहरमा खसेर धेरै दुर्घटना हुदाँ त्यस ठाउको सुरक्षा दिने बारेमा कसैले पनि ध्यान गएन। विभिन्न मानवीय क्षतिलाई रोक्न र त्यस नदिपुर एरियामा सरकारी र निजि विद्यालय धेरै भएको र तत्कालिन समयमा पि एन कलेजका विद्यार्थी र विद्यालयका विद्यार्थी बिच दैनिक झगडा हुने स्थानको चिर परिचित ठाउँ बाल मन्दिर चोक भएको भएर त्याहाँका भू.पू. आर्मि पेश बहादुर पुन, मे. चन्द्र बहादुर पुन, समाजिक संघ सस्थाका सामाजिक ब्यक्तित्व जयराम हमाल, विद्यालयका गुरुहरुको पहलमा त्यस ठाउँ सानै र असुबिधाजनक भएपनि प्रहरी बिट स्थापना गरेर त्यस ठाउँको शान्ति सुरक्षामा विशेष योगदान पुगेको अबस्था थियो।**

**बिगत २५ बर्षसम्म सडकको किनारमा र नहरको छेउमा बसेर सेवा गर्दै आएको प्रहरी बिटलाई समय सापेक्षिक मर्मत संहार र आबस्यक्ता अनुसार निर्माण पनि गर्नुपर्ने भएकोले पोखरा–३ बासीहरुको तर्फबाट समाजसेवी सहदेव बानियाको अध्यक्षतामा वडा कार्यालयाको रोहबरमा नदीपुर प्रहरी बिट निर्माण समिती गठन गरि नगरपालिका र अन्य सम्बन्धित निकायमा सम्पर्क गरि बिट निर्माणको लागि ठाउँ माग गर्दा प्राप्त हुन नसकेकोले उक्त ठाउँमा भएको सिचाइ नहरलाई समेत बलियो र सुरक्षा दिने तरिकाले बनाउन मिल्छ भन्ने आस्वासन सबै निकायबाट प्राप्त भएको हो।**

**नहर माथी प्रहरी बिट निर्माण गर्न नहुने भन्ने बिषयमा केही कुरा राख्ने क्रममा हाल निर्माण भएको प्रहरी बिट भन्दा केही माथी सडकको बिचबाट सडकलाई क्रस गरेर उक्त नहर बाल मन्दिर तर्फको लाइनमा ल्याइएको अबस्था छ। त्यही प्रबिधि अपनाएर उक्त नहरलाई दायाँ बायाँ १ फिटको सिमेन्टको पर्खाल लगाएर १ फिटको विम र पिल्लरबाट नहरलाई सुरक्षा हुने गरि नहर भन्दा ४ फिट उचाइमा पहिलो छत सिमेन्ट ढलान गरि निर्माण गरिएको छ। अनियमिता भन्ने सवालमा प्रदेश कार्यालयको सडक लाइनमा पश्चिमतर्फको घरहरु सबै उक्त सिचाइ नहरको सङ्गै निर्माण भएको छ। ती घर धनिलाई राज्यले सुरक्षा दिने कुरा अपनाउनु पर्ने कि नपर्ने ? अन्य देशमा समुन्द्रको छेउ तथा समुन्द्रभित्र ठुला ठुला बिल्डिग निर्माण गरिएको हुन्छ। त्यसमा त्यही प्रकारको प्रबिधी अपनाएर बनाएको हुन्छ। हाल निर्माण गरिएको प्रहरी बिटलाई त्यस प्रकारको प्रबिधि अपनाएर निर्माण गरिएको छ। कुनै दुर्घटना हुन्छ भनेर कसैले पनि चिन्ता नगरे हुन्छ। लेखेर मात्र समस्या समाधान हुने होइन। वास्तविकतालाई पनि हेर्नु पर्छ। हाल प्रहरी बिट निर्माण गरिएको स्थानमा निर्माणको कारण कुनै घट्ना हुन गएमा त्यसको जवाफदेही निर्माण समिति हुनेछ। यस बिषयमा पनि कसैले चिन्ता लिनु पर्दैन।**

**उक्त स्थानको पुरानो आपको रुख काटियो भन्ने सवालमा पनि केही जानकारी गराउन चाहान्छु। उक्त आपको रुख १०० बर्ष भन्दा पनि पूर्व समयको हो। ज्यादै बूढो र जिर्ण भएको र सडक तर्फ झुकेको हुदाँ सडकको पूर्व तर्फ साइड च्यापेर बस, ट्रक गुड्दा उक्त रुखमा ठोकिनाले धेरै दुर्घटना पनि भएको अबस्था थियो। उक्त स्थानमा बिट बने पनि नबने पनि उक्त आपको रुखलाई काट्नु पर्ने समय भएको थियो। बन बिभाग, नगरपालिका, जिल्ला प्रशासन, नापी कार्यालय, मालपोत कार्यालय र भु संरक्षण कार्यालय समेतको सयुक्त बोर्ड बैठकबाट निर्णय गरि उक्त जिर्ण रुखलाइ हटाएर नयाँ रुख रोप्ने भन्ने आदेश समेत भएकोले चालक , विद्यालय ब्यबस्थापन समिती , आमा समूह, टोल बिकास सस्था, बिद्यालयका शिक्षक तथा सर्बसाधारण समेतको जमघटबाट रुख हटाउने बिषयमा छलफल गरि हटाउने निर्णयमा सर्जमिन गरि रुखलाई हटाउने काम भएको हो। कुनै एकल निर्णय होइन। उक्त आपको जिर्ण रुखलाई हटाएर मिति २०७८/०१/२२ गते सम्मीको रुख ल्याएर वडा अध्यक्ष रबिन प्रजु, समितीका अध्यक्ष – सदस्य र प्रहरी हवल्दारको सहयोगमा रोपण कार्य पनि सम्पन्न भएको छ। सर्बसाधारणमा कुनै भ्रम नहोस भन्नको लागि भएको यथार्थ ब्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ।**

**सनकमान सि के**
**सचिव**
**नदीपुर प्रहरी विट निर्माण समिति**
**पोखरा–३**